CCNN Newsletter
वर्ष ५ • अंक १
पुस २०६९

जलवायु सरोकार

दोहा जलवायु सम्मेलन २०१२ विशेष

फोटो सौजन्यः iisd.ca

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय खाका महासन्धिका पक्ष राष्ट्रहरूको पछिल्लो सम्मेलन कतारको राजधानी दोहामा सम्पन्न भएको छ । गत मंसिर ११ देखि २३, २०६९ (26 November – 8 December, 2012) सम्म चलेको सम्मेलन, महासन्धिका पक्ष राष्ट्रहरूको १८औं तथा क्योटो अभिसन्धिका पक्ष राष्ट्रहरूको ८औं बैठक थियो । करीब १९५ राष्ट्रका लगभग ९००० प्रतिनिधि सहभागी भएको सम्मेलनमा जलवायु परिवर्तनका असरहरू कम गर्ने दिशामा महत्वपूर्ण निर्णयहरू गरिने अपेक्षा गरिएको थियो । निर्धारित समय भन्दा एक दिन थपिएको बैठकले "दोहा क्लाइमेट गेटवे (Doha Climate Gateway)" नाम दिइएको सम्झौताको दस्तावेज पारित गरेको छ । यस सहमतिलाई विकासोन्मुख राष्ट्रहरूले आशा गरे भन्दा निकै कम उपलब्धीपूर्ण भएको तर वार्ता प्रक्रियालाई सुचारू राख्न सफल भएको विश्लेषण गरेका छन् ।

अरब क्षेत्रमा पहिलो पटक आयोजना गरिएको सम्मेलनमा भएका प्रमुख निर्णयहरू तल उल्लेखित छन् :

- क्योटो अभिसन्धिको पहिलो प्रतिबद्धता अवधि सन् २०१२ डिसेम्बरमा सकिने भएकाले ८ वर्षको दोस्रो प्रतिबद्धता अवधि १ जनवरी २०१३ देखि लागु हुनेगरी सहमति भएको छ ।
- सन् २००५ मा गठन भएको क्योटो अभिसन्धि तदर्थ कार्य समूह (Ad-Hoc Working Group on Kyoto Protocol-AWG KP) र सन् २००७ मा "बाली कार्ययोजना" अन्तर्गत गठन भएको दीर्घकालीन सहकार्य तदर्थ समूह (Ad-Hoc Working Group on Long Term Cooperative Action-AWG LCA) को कार्य अवधि अन्त्य गरिएको छ ।
- छलफलका सबै विषयहरू आगामी दिनमा "डर्बन मञ्चः बृहत कार्य योजना लागि तदर्थ कार्य समूह" मार्फत अघी बढ्ाउने निर्णय भएको छ ।
- सम्मेलनले हरित जलवायु कोषलाई सुचारू गर्ने उद्देश्यले संरचना व्यवस्था गर्नुका साथै कोषको कार्यदिशा र सचिवालय सन्चालनबारे महत्वपूर्ण निर्णयहरू गरेको छ ।
- सम्मेलनले अनुकूलन सम्बन्धी सम्पूर्ण कार्यहरूलाई व्यवस्थित गर्न स्थापना भएको "अनुकूलन समिति" मार्फत हरेक वर्ष "अनुकूलन फोरम" आयोजना गर्ने निर्णय गरेको छ । साथै अतिकम विकसित राष्ट्रहरू र विकासोन्मुख राष्ट्रहरूकालागि मध्यकालीन र दीर्घकालीन अनुकूलन आवश्यकता पहिचान गर्न राष्ट्रिय अनुकूलन कार्ययोजना (NAP) तयार पार्न आवाश्यक स्रोत उपलब्ध गराउनका लागि थप निर्णयहरू गरेको छ ।
- जलवायु परिवर्तनको प्रभावबाट हुने नोक्सानी र क्षति (Loss and Damage) लाई सम्बोधन गर्न आवश्यक पर्ने अन्तर्राष्ट्रिय संरचना बनाउने सम्बन्धमा आउदो सम्मेलनमा निर्णय गर्ने भएको छ ।

यति हुँदाहुँदै पनि दोहा सम्मेलनमा हरित गृह ग्यास उत्सर्जन कटौती गर्ने र विकासशील राष्ट्रहरूले पाउनु पर्ने आर्थिक सहयोगका सम्बन्धमा ठोस प्रगति हुन सकेन ।

बैठकमा सहभागी नागरिक समाजका प्रतिनिधिहरू

अन्तर्राष्ट्रिय जलवा

DOHA 2012
UN CLIMATE CHANGE CONFERENCE
COP18·CMP8

सन् १९९७ मा जापानको क्योटो शहरमा भएको तेस्रो पक्ष राष्ट्रहरूको सम्मेलनले महासन्धि अन्तर्गत 'क्योटो अभिसन्धि' पारित गरेको थियो । यस अनुसार विकसित राष्ट्रहरू (जसलाई Annex I राष्ट्र भनिन्छ) ले सन् २००८ देखि २०१२ को अवधिमा हरितगृह ग्यास उत्सर्जन सन् १९९० को तुलनामा ५.२ प्रतिशतले घटाउने प्रतिबद्धता लिएका थिए ।

जलवायु परिवर्तनसँग जुध्न अन्तर्राष्ट्रिय सहकार्यको शुरूवात सन् १९९२ बाट भएको हो । त्यस वर्ष ब्राजिलको रियो दि जेनेरियोमा सम्पन्न पृथ्वी सम्मेलनमा जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि अनुमोदन गरिएको थियो । महासन्धिले पृथ्वीको जलवायु प्रणालीमा 'खतरनाक मानवीय हस्तक्षेप' हटाउनका लागि वायुमण्डलमा रहेको हरितगृह ग्यासको मात्रालाई स्थीर राख्न आवश्यक कार्य गर्ने लक्ष्य लिएको छ । २१ मार्च, १९९४ देखि लागु भएको महासन्धिमा हाल १९५ पक्ष राष्ट्रहरू रहेका छन् । सन् १९९५ मा पहिलो पक्ष राष्ट्रहरूको सम्मेलन भए यता दोहासम्म आइपुग्दा १८ पटक यस्ता सम्मेलन आयोजना भइसकेका छन् । पक्ष राष्ट्रहरूको सम्मेलनमा महासन्धिको उद्देश्य अनुसार भएको प्रगतिको समीक्षा र आगामी दिनमा गर्नु पर्ने कार्यहरूबारे छलफल तथा निर्णय गरिन्छ ।

सन् १९९७ मा जापानको क्योटो शहरमा भएको तेस्रो पक्ष राष्ट्रहरूको सम्मेलनले महासन्धि अन्तर्गत 'क्योटो अभिसन्धि' पारित गरेको थियो । यस अनुसार विकसित राष्ट्रहरू (जसलाई Annex I राष्ट्र भनिन्छ) ले सन् २००८ देखि २०१२ को अवधिमा हरितगृह ग्यास उत्सर्जन सन् १९९० को तुलनामा ५.२ प्रतिशतले घटाउने प्रतिबद्धता लिएका थिए । त्यस समयमा सबै भन्दा बढी हरितगृह ग्यास उत्सर्जन गर्ने संयुक्त राज्य अमेरिकाले पहिले सहमति जनाए पनि पछि उक्त प्रतिबद्धता अस्विकार गरेको थियो । दोहामा सम्पन्न १८औं सम्मेलनले सन् २०१३ देखि लागु हुने गरी दोस्रो प्रतिबद्धता अवधि थप गरेको छ । ८ वर्षे यस अवधिमा विकसित राष्ट्रहरूले सन् १९९० को तुलनामा १८ प्रतिशतले उत्सर्जन घटाउनु पर्ने प्रावधान राखिएको छ ।

यसै गरी सन् २००७ मा इन्डोनेसियाको बाली शहरमा भएको १३औं सम्मेलनले महासन्धि अन्तर्गत छलफललाई अघि बढाउन बाली रोडम्याप तयार गरेको थियो । यस अन्तर्गत

फोटो सौजन्यः iisd.ca

यु वार्ताका बीस वर्ष

दीर्घकालीन सहकार्यकालागि तदर्थ कार्यसमूह बनाई सामुहिक महत्वका पाँचवटा विषयमा सहमति जुटाउन छलफल शुरू भयो । यी विषयहरू साझा उद्देश्य, अनुकूलन, न्यूनीकरण, आर्थिक सहयोग र प्रविधि विकास र हस्तान्तरण रहेकाछन् ।

माथि उल्लेखित दुवै तदर्थ समूहले आफ्ना निश्कर्षहरू सन् २००९ मा कोपनहेगन सम्मेलनमा (पन्ध्रौं पक्ष राष्ट्रहरूको सम्मेलन) बुझाउने भनिएको थियो । तर विकसित राष्ट्रहरू र तिव्र गतिमा विकासोन्मूख राष्ट्रहरू बीचको असमझदारीले कोपनहेगन सम्मेलनमा ठोस उपलब्धि हुन सकेन । सन् २०१० को क्यानकुन सम्मेलन र २०११ को डर्बन सम्मेलनमा पनि छलफलहरू जारी राख्ने बाहेक जलवायु परिवर्तनको कारक हरितगृह ग्यास उत्सर्जन कम गर्ने र जोखिममा रहेका राष्ट्रहरूलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा गुणात्मक सफलता हासिल हुन सकेन ।

छलफलहरू हुन थालेको बीस वर्ष भइसक्दा जलवायु परिवर्तनका असरहरू झन टड्कारो हुन थालेका छन् । विभिन्न वैज्ञानिक अध्ययनहरूले समयमै उत्सर्जन कटौती नगर्ने हो भने भयाबह र सम्हाल्नै नसक्ने असरहरू भोग्नु पर्ने चेतावनी दिएका छन् । अहिलेकै अवस्था रहेमा यस सताब्दीको अन्त्य सम्ममा पृथ्वीको तापक्रम ४ देखि ८ डिग्री सेल्सियससम्म बढ्ने वैज्ञानिकहरूले आंकलन गरेका छन् । अहिले नै कम विकसित राष्ट्रहरूका करोडौं मानिसहरू जलवायु परिवर्तनको मारमा परिसकेका छन् । तर दोहा सम्मेलनबाट पनि अधिकांश छलफलका विषयहरू आउँदा वर्षहरूका लागि पर सार्दै वार्ताकारहरू आ-आफ्नो राष्ट्र फर्किएका छन् । वैज्ञानिक चेतावनी र जोखिममा रहेका समुदायको आवाज र आशामा तुषारापात भएकाले शक्तिशाली र विकसित राष्ट्रहरूले वास्तविक समस्या प्रति वेवास्ता गरेको सन्देश दोहा सम्मेलनले दिएको छ ।

DOHA 2012
UN CLIMATE CHANGE CONFERENCE
COP18·CMP8

विभिन्न वैज्ञानिक अध्ययनहरूले समयमै उत्सर्जन कटौती नगर्ने हो भने भयाभह र सम्हाल्नै नसक्ने असरहरू भोग्नु पर्ने चेतावनी दिएकाछन् । अहिलेकै अवस्था रहेमा यस सताब्दीको अन्त्य सम्ममा पृथ्वीको तापक्रम ४ देखि ८ डिग्री सेल्सियससम्म बढ्ने वैज्ञानिकहरूले आंकलन गरेकाछन् । अहिले नै कम विकसित राष्ट्रहरूका करोडौं मानिसहरू जलवायु परिवर्तनको मारमा परिसकेका छन् ।

महासन्धि अर्न्तगतका निकाय र समूहहरू

हरेक वर्ष हुने जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिका पक्ष राष्ट्रहरूको सम्मेलनमा हुने छलफलका आफ्नै प्रक्रियाहरू रहेका छन् । जलवायु परिवर्तन आफैमा एउटा जटिल विषय भएको र यससंगै विभिन्न आर्थिक र राजनैतिक पक्षहरू पनि छलफलमा उठ्ने भएकाले यो प्रक्रिया निकै झन्झटिलो रहेको छ । सम्मेलनको दौरानमा एकै समयमा विभिन्न समानन्तर बैठक र छलफलहररू चलिरहेका हुन्छन् । दोहा सम्मेलनमा समेत यस्ता कयौं बैठकहरू भएका थिए :

महासन्धि अर्न्तगत पक्ष राष्ट्रहरूको सम्मेलन (Conference of Parties - COP): सामान्य बोलीचालीमा 'कोप' भनिने यस्तो सम्मेलन महासन्धि अन्तर्गतको सर्वोच्च निकाय हो । सन् १९९२ मा भएको पृथ्वी सम्मेलनले महासन्धि अनुमोदन गरी सन् १९९४ मा औपचारिक रूपमा लागु भए पश्चात सन् १९९५ यता हरेक वर्ष हुने यस प्रकारको सम्मेलन दोहासम्म आइपुग्दा १८औं पटक बसिसकेको छ । महासन्धि अन्तर्गतका अन्य अंग तथा समूहहरूले तयार गरेको मस्यौदा निर्णयहरूलाई यस बैठकले औपचारिकता प्रदान गदर्छ । आयोजक राष्ट्रले मनोनयन गरेको व्यक्ति कोपको अध्यक्ष अर्थात COP president हुने प्रावधान छ ।

क्योटो अभिसन्धिका पक्ष राष्ट्रहरूको सम्मेलन (Conference of the Parties serving as the Meeting of the Parties -CMP): CMP क्योटो अभिसन्धि अनुमोदन गरेका पक्ष राष्ट्रहरूको सहभागितामा यस अभिसन्धिका विविध विषयहरू छलफल र निर्णय गर्ने उच्चतम निकाय हो । सन् १९९७ मा क्योटो अभिसन्धि पारित भई २००५ यता औपचारिक रूपमा यो बैठक वस्न सुरू भएको थियो । यस पटक CMP को आठौं बैठक भएको थियो ।

विज्ञान तथा प्राविधिक सुझाबका लागि सहायक अङ्ग (Subsidiary Body for Scientific and Technical Advice - SBSTA) : SBSTA महासन्धिको उच्चतम निकाय COP लाई विज्ञान र प्राविधिक विषय सम्बन्धी सुझाब दिने एउटा स्थाइ अंग हो । कुनै विषयहरूमा छलफलको दैरानमा अध्ययन अनुसन्धान तथा थप जानकारी हासिल गर्नु परेमा यस अंगमा छलफल गर्ने प्रावाधान छ । यस पटक SBSTA को ३७ औं बैठक थियो, जसमा मुख्यतः रेडका विषयमा निर्देशिका तयार पार्ने साथै कृषि र जलवायुका बारे थप जानकारी हासिल गर्ने विषयहरूमा छलफल भएको थियो ।

कार्यान्वयनका लागि साहायक अंग (Subsidiary Body for Implementation - SBI): SBI को मुख्य जिम्मेवारी महासन्धिको उच्चतम निकाय COP लाई कार्यान्वयन सम्बन्धी विषयहरूमा सल्लाह सुझाव प्रदान गर्नु हो । सम्मेलनले निर्णय गरेका विषयहरूलाई कसरी कार्यान्वयन गर्ने भन्ने थप छलफलका लागि SBI मा पठाइन्छ । यस पटक SBI को ३७ औं बैठक बसेको थियो जसमा मुख्यत राष्ट्रिय अनुकूलन योजना (NAP), नोक्सानी र क्षति (Loss and Damage) सम्बन्धी विषयहरूमा छलफल भएको थियो ।

DOHA 2012
UN CLIMATE CHANGE CONFERENCE
COP18·CMP8

सामान्य बोलीचालीमा 'कोप' भनिने यस्तो सम्मेलन महासन्धि अन्तर्गतको सर्वोच्च निकाय हो । सन् १९९२ मा भएको पृथ्वी सम्मेलनले महासन्धि अनुमोदन गरी सन् १९९४ मा औपचारिक रूपमा लागु भए पश्चात सन् १९९५ यता हरेक वर्ष हुने यस प्रकारको सम्मेलन दोहासम्म आइपुग्दा १८औं पटक बसिसकेको छ । महासन्धि अन्तर्गतका अन्य अंग तथा समूहहरूले तयार गरेको मस्यौदा निर्णयहरूलाई यस बैठकले औपचारिकता प्रदान गदर्छ । आयोजक राष्ट्रले मनोनयन गरेको व्यक्ति कोपको अध्यक्ष अर्थात COP president हुने प्रावधान छ ।

क्योटो अभिसन्धि अन्तर्गतका कार्यहरूलाई अघि बढाउनका लागि तदर्थ कार्यसमूह (Ad-hoc Working group on Kyoto protocol -AWG-KP): सन् २००५ मा बसेको पहिलो CMP बैठकले क्योटो अभिसन्धिका विविध विषयहरूमा थप छलफल अघि बढाउन यस तदर्थ कार्य समूहको स्थापना गरिएको थियो । यस पटक बसेको १७ औं बैठकबाट क्योटो अभिसन्धिको दोस्रो प्रतिबद्धता अवधिमा जानका लागि आवश्यक निर्णयहरू भए पछि यस कार्य समूहलाई विधिवत अन्त गरिएको छ ।

दीर्घकालीन सहकार्यका लागि तदर्थ कार्यसमूह (Ad-hoc Working group on Long term cooperative action - AWG-LCA): इन्डोनेसियाको बाली शहरमा सन् २००७ मा सम्पन्न भएको पक्ष राष्ट्रहरूको १३औं सम्मेलनको निर्णय अनुरूप दीर्घकालीन महत्वका विषयहरूमा छलफल गरी निर्णयमा पुग्नका लागि यस तदर्थ कार्यसमूहको स्थापना गरिएको थियो । यस अन्तर्गत अनुकूलन, न्यूनीकरण, आर्थिक सहयोग, प्रविधि विकास तथा हस्तान्त्रण र क्षमता अभिवृद्धिका विषयहरूमा छलफल हुदै आइरहेको थियो । यस पटकको १५ औं बैठकबाट यस तदर्थ कार्य समूह औपचारिक रूपले समाप्त भएको निर्णय गरिएको छ । आगामी दिनहरूमा सन् २०११ मा डर्बनमा स्थापना गरिएको डर्बन मञ्च कार्य समूह अन्तर्गत सबै छलफलहुने निर्णय यस पटक भएको छ ।

डर्बन मञ्चः परम्परागत छलफल प्रक्रियालाई बदलिदो सन्दर्भमा फरक ढंगले अघि बढाउन आवश्यक ठानी सन् २०११ को डर्बन सम्मेलनमा "डबर्न मञ्चः बृहत कार्य योजना लागि तदर्थ कार्य समूह" (Ad Hoc Working Group on Durban Platform for Enhanced Action- ADP) को गठन गरिएको थियो । यस तदर्थ समूहको मुख्य उद्देश्य सबै राष्ट्रहरूलाई मान्य हुने किसिमको बृहत सहमति तयार गर्ने रहेको छ । उक्त कार्य समूहले आफ्नो कार्य सन् २०१५ भित्रमा सम्पन्न गरी पक्ष राष्ट्रहरूको २१ औं सम्मेलन (सन् २०१५) मा अनुमोदनका लागि प्रतिवेदन प्रस्तुत गर्ने र सो निर्णय सन् २०२० देखि लागु हुने निर्णय गरिएको छ । डबर्न मञ्चले आफ्नो कार्य सन् २०१२ को मध्यबाट सुरू गरेको हो । हाल यस अन्तर्गत सन् २०२० अघि चालिनु पर्ने कदमहरू र त्यस पश्चात लागुहुने सहमतिको खाका बनाउन दुई वटा उपकार्य समूह (work stream) बनाई काम भईरहेको छ ।

सम्मेलनमा हरेक राष्ट्रहरूले आ-आफ्ना कुराहरू राख्ने नभई समूह बनाएर मुद्दाहरू उठाउने गर्दछन् । हरेक राष्ट्रका मुद्दाहरू सुन्न धेरै समय लाग्ने र व्यहवारिक पनि नहुने भएकाले समान मुद्दा भएका र मत मिल्ने राष्ट्रहरूले विभिन्न समूह मार्फत आफ्ना भनाईहरू सम्मेलनमा प्रस्तुत गर्दछन् । यस्ता समूहहरू भौगोलिक समानता र निकटता, विकासको अवस्था, व्यापारिक साझेदारी लागायतका स्वार्थले बनेका हुन्छन् । जलवायु सम्मेलनमा नेपालले विशेष गरी अतिकम विकसित राष्ट्रहरूको समूह र 'जी ७७ र चाइना' समूह मार्फत आफ्ना मागहरू अघि सार्दछ । यसै गरी महसन्धिमा वार्ता गर्न युरोपीयन युनियन, साना टापु राष्ट्रहरूको समूह (AOSIS), जी ७७ र चाइना, Umbrella Group, BASIC, ALBA, Environmental Integrity Group आदि रहेका छन् ।

DOHA 2012
UN CLIMATE CHANGE CONFERENCE
COP18·CMP8

हरेक राष्ट्रका मुद्दाहरू सुन्न धेरै समय लाग्ने र व्यहवारिक पनि नहुने भएकाले समान मुद्दा भएका र मत मिल्ने राष्ट्रहरूले विभिन्न समूह मार्फत आफ्ना भनाईहरू सम्मेलनमा प्रस्तुत गर्दछन् । यस्ता समूहहरू भौगोलिक समानता र निकटता, विकासको अवस्था, व्यापारिक साझेदारी लागायतका स्वार्थले बनेका हुन्छन् । जलवायु सम्मेलनमा नेपालले विशेष गरी अतिकम विकसित राष्ट्रहरूको समूह र 'जी ७७ र चाइना' समूह मार्फत आफ्ना मागहरू अघि सार्दछ ।

वार्ता प्रक्रियामा प्रगति (संक्षिप्तमा)

१९९२	रियो पृथ्वी सम्मेलनबाट जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि पारित
१९९५	पक्ष राष्ट्रहरूको पहिलो सम्मेलन, बर्लिन (COP 1)
११९६	पक्ष राष्ट्रहरूको दोस्रो सम्मेलन, जेनेभा (COP 2)
१९९७	पक्ष राष्ट्रहरूको तेस्रो सम्मेलन, क्योटो (COP 3) क्योटो अभिसन्धि
१९९८	पक्ष राष्ट्रहरूको चौथो सम्मेलन, ब्युनस आयर्स (COP 4)
१९९९	पक्ष राष्ट्रहरूको पाचौं सम्मेलन, बोन (COP 5)
२०००	पक्ष राष्ट्रहरूको छैठौं सम्मेलन, हेग (COP 6) वार्ता भङ्ग, पछि पुनः छैठौं सम्मेलन बोनमा बसेको
२००१	पक्ष राष्ट्रहरूको सातौं सम्मेलन, माराकेश (COP 7), माराकेश सम्झौता
२००२	पक्ष राष्ट्रहरूको आठौं सम्मेलन, नयाँ दिल्ली (COP 8)
२००३	पक्ष राष्ट्रहरूको नवौं सम्मेलन, मिलान (COP 9)
२००४	पक्ष राष्ट्रहरूको दसौं सम्मेलन, ब्युनस आर्यस (COP 10)
२००५	पक्ष राष्ट्रहरूको एघारौं सम्मेलन, क्योटो अभिसन्धिको पहिलो बैठक, मोन्ट्रियल (COP 11, CMP 1), AWG-KP गठन
२००६	पक्ष राष्ट्रहरूको बाह्रौं सम्मेलन, क्योटो अभिसन्धिको दोस्रो बैठक, नाइरोबी (COP 12/CMP 2)
२००७	पक्ष राष्ट्रहरूको तेह्रौं सम्मेलन, क्योटो अभिसन्धिको तेस्रो बैठक, बाली, दुई कार्य समूह (AWG-KP/AWG-LCA)बाट वार्ता प्रक्रिया शुरू (COP 13/CMP 3)
२००८	पक्ष राष्ट्रहरूको चौधौं सम्मेलन, क्योटो अभिसन्धिको चौथो बैठक, पोज्नान (COP 14/CMP 4)
२००९	पक्ष राष्ट्रहरूको पन्ध्रौं सम्मेलन, क्योटो अभिसन्धिको पाचौं बैठक, कोपहेगन, (COP 15/CMP 5) कोपनहेगन सम्झौता
२०१०	पक्ष राष्ट्रहरूको सोह्रौं सम्मेलन, क्योटो अभिसन्धिको छैठौं बैठक, क्यानकुन, (COP 16/CMP 6) क्यानकुन सम्भौंता
२०११	पक्ष राष्ट्रहरूको सत्रौं सम्मेलन, क्योटो अभिसन्धिको सातौं बैठक, डर्बन, (COP 17/CMP 7) डर्बन मञ्च (ADP) बनाएर वार्ता अघि बढाउने निर्णय
२०१२	पक्ष राष्ट्रहरूको अठारौं सम्मेलन, क्योटो अभिसन्धिको आठौं बैठक, दोहा, (COP 18/CMP 8) AWG-KP र AWG-LCA विगठन गरी ADB बाट वार्ता अघि बढाउने निर्णय, क्योटो अभिसन्धिको दोस्रो कार्यकाल थप्न सहमति

सम्मेलन कक्षको दृष्य

फोटो सौजन्यः iisd.ca

दोहा सम्मेलनका निर्णयहरू र नेपालको सन्दर्भ

क्योटो अभिसन्धिको दोस्रो प्रतिबद्धता अवधि

दोहा सम्मेलनले क्योटो अभिसन्धिको दोस्रो प्रतिबद्धता अवधि सम्बन्धी महत्वपूर्ण निर्णय गरेको छ । सन् १९९७ मा जापानको क्योटो शहरमा भएको तेस्रो पक्ष राष्ट्रहरूको सम्मेलनले महासन्धि अन्तर्गत 'क्योटो अभिसन्धि' पारित गरेको थियो । यस अनुसार विकसित राष्ट्रहरू (जसलाई Annex I राष्ट्र भनिन्छ) ले सन् २००८ देखि २०१२ को अवधिमा हरितगृह ग्यास उत्सर्जन सन् १९९० को तुलनामा ५.२ प्रतिशतले घटाउने प्रतिबद्धता लिएका थिए । दोहामा सम्पन्न १८औं सम्मेलनले सन् २०१३ देखि लागु हुने गरी दोस्रो प्रतिबद्धता अवधि थप गरेको छ । ८ वर्षे यस अवधिमा विकसित राष्ट्रहरूले सन् १९९० को तुलनामा १८ प्रतिशतले उत्सर्जन घटाउनु पर्ने प्रावधान राखिएको छ । सन् २०१४ को अन्त्यमा उत्सर्जन कटौतीको लक्ष्य पुर्नमूल्याङ्कन गर्ने प्रावधान पनि निर्णयमा राखिएको छ । वैज्ञानिक अध्ययनहरूले पृथ्वीको तापक्रम २ डिग्री सेल्सियस भन्दा बढी बृद्धि हुन नदिन सन् २०२० सम्ममा सन् १९९० को तुलनामा २५ देखि ४० प्रतिशतले उत्सर्जनका कटौती गरिनु पर्ने निश्कर्ष निकालेको सन्दर्भमा १८ प्रतिशत कटौतीको प्रवधान निकै कम हो । तर संयुक्त राज्य अमेरिका क्योटो अभिसन्धिको पक्ष राष्ट्र नभएको र दोश्रो प्रतिबद्धता अवधिमा जापान, रसिया, क्यानडा र न्युजिल्याण्ड लगायतका राष्ट्रहरू सहभागी नहुने निर्णय गरिसकेकाले यस सहमति अनुसार हरितगृह ग्यास उत्सर्जन कटौतीमा पनि खासै प्रगति नहुने निशिचित छ ।

न्यूनीकरण

मानव सृजित जलवायु परिवर्तन र यो समस्या निम्ताउने प्रमुख कारकतत्व हरितगृह ग्यासको अत्याधिक उर्त्सजन गर्नमा मुख्यत विकसित राष्ट्रहरू नै जिम्मेवार हुन भन्ने विषयलाई महासन्धिले पहिले नै स्वीकार गरिसकेको छ । यो समस्या समाधान गर्न जति ढिला गऱ्यो त्यत्ति नै यसको प्रभाव र असर जटिल हुँदै जानेछ । दोहा सम्मेलनमा विकसित राष्ट्रहरूले गर्नु पर्ने उत्सर्जन कटौती अर्थात जलवायु परिवर्तन न्यूनीकरणका सन्दर्भमा पारित दस्तावेजमा अन्तर सरकारी मञ्चको (IPCC Fourth Assessment Reprot) प्रतिवेदनलाई आधार मान्न आह्वन गरेको छ । सो प्रतिवेदन अनुसार सन् १९९०को तुलनामा बिकसित राष्ट्रहरूले कार्वन उर्त्सजन सन् २०२० सम्ममा २५ देखि ४० प्रतिशत कटौती गर्नु पर्ने छ । तर यसकालागि कुनै कार्यतालिका निर्धारण गरिएको छैन । यसले विकसित राष्ट्रहरूलाई प्रतिवद्धता पुरा नगर्न बाटो खोलिदिएको छ ।

यसै गरी विकासोन्मुख राष्ट्रहरूलाई स्वेच्छाले उर्त्सजन कटौती गर्न संकल्प गर्न पनि अनुरोध गरिएको छ । तिव्र गतिमा अर्थतन्त्र बृद्धि गरिरहेका राष्ट्रहरूले यस दिशामा कदम चाल्नुपर्छ भन्नेमाग विभिन्न पक्षहरूले अघि सारेका छन् ।

DOHA 2012
UN CLIMATE CHANGE CONFERENCE
COP18·CMP8

मानव सृजित जलवायु परिवर्तन र यो समस्या निम्ताउने प्रमुख कारकतत्व हरितगृह ग्यासको अत्याधिक उर्त्सजन गर्नमा मुख्यता विकसित राष्ट्रहरू नै जिम्मेवार हुन भन्ने विषयलाई महासन्धिले पहिले नै स्वीकार गरिसकेको छ । यो समस्या समाधान गर्न जति ढिला गऱ्यो त्यत्ति नै यसको प्रभाव र असर जटिल हुँदै जानेछ । दोहा सम्मेलनमा विकसित राष्ट्रहरूले गर्नु पर्ने उत्सर्जन कटौती अर्थात जलवायु परिवर्तन न्यूनीकरणका सन्दर्भमा पारित दस्तावेजमा अन्तर सरकारी मञ्चको (IPCC Fourth Assessment Reprot) प्रतिवेदनलाई आधार मान्न आह्वन गरेको छ ।

वैज्ञानिक निश्कर्ष अनुरूप कार्वन उत्सर्जन कटौती हुन नसकिरहेको परिपेक्षमा पृथ्वीको तापक्रम बृद्धि २ डिग्री सेल्सियसमा सिमित गर्न के कस्ता कार्यहरू गर्न आवाश्यक हुन्छ सो सम्बन्धी समीक्षा गर्ने सम्बन्धमा सन् २०११ मा निर्णय भएको थियो । जस अनुसार पहिलो समिक्षा सन् २०१३ मा शुरू गरी सन् २०१५ मा अन्त्य गर्ने भनिएको छ । यस सम्मेलनमा सो कार्य अघि बढाउन यसै बीचमा तयार हुने अन्तर सरकारी मञ्चको पाँचौ प्रतिवेदनबाट जानकारी लिदै यस प्रकृयालाई पारदर्शिता कायम गर्दै अघि बढ्न भनिएको छ ।

रेडः वन संरक्षण गरी कार्वन सन्चिती गरे वापत धनि राष्ट्रहरूले विकासोन्मुख राष्ट्रहरूलाई आर्थिक सहायता गर्ने संयन्त्र रेड (Reducing Emissions from Deforestation and Forest Degradation – REDD) का बारेमा प्रशस्तै छलफल भए पनि कुनै टुङ्गोमा पुग्न वार्ताकारहरू सफल भएनन् । यस विषयका विविध पक्षहरू वारे छलफल गर्न आगामी एक वर्ष भित्रमा कार्यशालाहरू आयोजना गरी सुझाव प्रस्तूत गर्न भनिएको छ ।

DOHA 2012
UN CLIMATE CHANGE CONFERENCE
COP18·CMP8

यसका लागि अतिकम विकसित राष्ट्रहरूलाई अति कम विकसित राष्ट्रहरूको कोषबाट खर्च जुटाउन Global Environment Facility (GEF) लाई भनिएको छ । यसै गरी अतिकम विकसित बाहेकका विकोसन्मुख र ाष्ट्रहरूलाई NAPs बनाउन आर्थिक सहायता गर्न बहुपक्षीय, द्विपक्षीय आर्थिक सहायता एजेन्सीहरू र Special Climate Change Fund (SCCF) बाट रकम जुटाइदिन GEF लाई अनुरोध गरिएको छ ।

अनुकूलन

बाली सम्मेलन (सन् २००७) यता अनुकूलन सम्बन्धी निर्णयहरू ढिलै भए पनि अघि बढिरहेका छन् । यस पटकको सम्मेलनले अघिल्ला सम्मेलनहरूमा निर्णय भई स्थापना भएको अनुकूलन समितिको तीन वर्षे कार्ययोजना पारित गरेको छ र समितिको कार्यविधि सम्बन्धी नियमहरू पनि अनुमोदन गरेकोछ । साथै, अनुकूलन समितिलाई वार्षिक 'Adapation Forum' गर्ने बारे विचार गर्न अनुरोध गरेको छ ।

वार्तामा पक्ष राष्ट्रहरूलाई राष्ट्रिय अनुकूलन कार्य योजना (NAP) बनाउन सहजिकरण गर्न प्राविधिक मापदण्डको खाका तयार गरियो । यसका लागि अतिकम विकसित राष्ट्रहरूलाई अति कम विकसित राष्ट्रहरूको कोष (LDCF) बाट खर्च जुटाउन Global Environment Facility (GEF) लाई भनिएको छ । यसैगरी अतिकम विकसित बाहेकका विकोसन्मुख राष्ट्रहरूलाई NAPs बनाउन आर्थिक सहायता गर्न बहुपक्षीय, द्विपक्षीय आर्थिक सहायता एजेन्सीहरू र Special Climate Change Fund (SCCF) बाट रकम जुटाइदिन GEF लाई अनुरोध गरिएको छ ।

फोटो सौजन्यः iisd.ca

सम्मेलनको अन्तर्यतिर गम्भीर छलफलमा वार्ताकारहरू

दस्तावेजहरू तयार गर्न सहायोग गर्ने भनिए पनि अनुकूलन कार्यक्रमहरू लागु गर्न आवश्यक पर्ने आर्थिक सहायता सम्बन्धी कुनै ठोस निर्णय दोहामा हुन सकेन । यसले विकासोन्मुख राष्ट्रहरूलाई अलमल्याउने धनि राष्ट्रको नियत बुझिन्छ ।

नोक्सानी तथा क्षति (Loss and Damage)

जलवायु परिवर्तनका असरहरूले गर्ने स्थाई नोक्सानी तथा क्षति सम्बन्धी विषय अतिकम विकसित र टापु राष्ट्रहरूको प्रमुख चासोका रूपमा दोहा सम्मेलनमा उठेको थियो । जलवायु परिवर्तनबाट हुने अपुरणीय नोक्सानी तथा क्षतिको लागि विकसित राष्ट्रहरूले क्षतिपूर्ति दिनका लागि अन्तर्राष्ट्रिय संयन्त्र बनाउनु पर्छ भन्ने ती राष्ट्रहरूको प्रमुख माग रहेको थियो । तर विकसित राष्ट्रहरूले यस मागलाई अस्वीकार गर्न सकेजतिको बल लगाएका थिए । अन्त्यमा सम्मेलनको निर्णय अनुसार यस सम्बन्धी विषयमा थप छलफल गर्दै आगामी १९औं सम्मेलनमा अन्तर्राष्ट्रिय संयन्त्र जस्तो संस्थागत व्यवस्था स्थापना गर्ने सहमति भएको छ ।

DOHA 2012
UN CLIMATE CHANGE CONFERENCE
COP18·CMP8

कृषि

विकसित राष्ट्रहरू कृषि सम्बन्धी क्रियाकलापबाट कार्वन उत्सर्जन र अनुकूलन दुबैमा महत्वपूर्ण भूमिका हुने भएकोले जलवायु परिवर्तनको बहसमा कृषिको छुटै बहस हुनु पर्नेमा जोड दिन्छन् । तर विकासोन्मुख तथा अति कम विकसित राष्ट्रहरूको भने कृषि र अनुकूलनको विषय अति महत्वपूर्ण भएता पनि कार्वन उत्सर्जनको विषय कृषिसँग जोड्नुमा आफ्नो हित विपरित हुने ठम्मयाइ छ । यस सम्मेलनले कृषि सम्बन्धि कुनै ठोस निर्णय गर्न सकेन तर जलवायु परिवर्तनको बहसमा कृषि क्षेत्रको विशेष भूमिकालाई पहिचान गर्दै आगामी वर्षहरूमा यस विषयमा थप बहस र निर्णय गर्ने भन्ने सहमति गरिएको छ । यसका लागि कृषि विषयमा पक्ष राष्ट्रहरूको आधिकारिक धारणा (submission) संकलन गर्ने र कार्यशाला गोष्ठीहरू संचालन गर्ने कार्यनीति तर्जुमा गरियो ।

तर विकासन्मुख तथा अल्प विकसित राष्ट्रहरूको भने कृषि र अनुकूलनको विषय अति महत्वपूर्ण भए पनि कार्वन उत्सर्जनको विषय कृषिसँग जोड्नुमा आफ्नो हित विपरित रहेको ठम्मयाइ छ । यस सम्मेलनले कृषि क्षेत्रका कुनै ठोस निर्णय गर्न सकेन तर जलवायु परिवर्तनको बहसमा कृषि क्षेत्रको विशेष भूमिकालाई पहिचान गर्दै आगामी वर्षहरूमा यस विषयमा थप बहस र निर्णय गर्ने भन्ने सहमति भयो ।

वित्त (आर्थिक सवाल)

दोहा सम्मेलनमा वित्तीय मुद्दा एक प्रमुख सवाल बनेको थियो । जलवायु परिवर्तन सम्बन्धी वार्तामा वित्तीय सवाल भनेको धनी राष्ट्रहरूले विकासोन्मुख राष्ट्रहरूलाई जलवायु परिवर्तनका कारण भोग्न परेको समस्यासँग जुध्न र समस्या घटाउन दिइने सहयोग भन्ने बुझिन्छ ।

सन् २००९ मा भएको कोपनहगेन सम्मेलनमा विकसित राष्ट्रहरूले विकासोन्मुख राष्ट्रहरूलाई सन् २०१० देखि सन् २०१२ सम्ममा ३० अर्ब अमेरिकी डलर उपलब्ध गराउने र पछि यो र कम बढाएर सन् २०२० सम्ममा १०० अर्ब अमेरिकी डलर प्रति वर्ष पुऱ्याउने निर्णय गरेका थिए । सन् २०१२ को अन्त्यसम्ममा आइपुग्दा ३० अर्ब अमेरिकी डलर दिएको खाका देखाए पनि विकासोन्मुख राष्ट्रहरू यो मान्न तयार छैनन् । यो रकमको अधिकांश अंश जलवायु परिवर्तनकालागि नंया र थप सहयोग नभएर परम्परागत विकास रकमबाट कटाएर सहयोग गरेको उनीहरूको ठोकुवा छ । दोहा सम्मेलनमा अब आउने वर्षहरूमा कति सहयोग गर्ने भन्ने बारे कुनै निर्णय हुन सकेन । विकासोन्मुख राष्ट्रहरूले आगामी तीन वर्षकालागि ६० अर्ब डलर माग गरे पनि विकसित राष्ट्रहरू यो दिन सहमत भएनन् । बेलायत, फ्रान्स, जर्मनी, डेनमार्क, स्विटजरल्याण्ड र युरोपियनसंघले लगभग १० अर्ब डलर सहयोग गर्ने एक पक्षीय घोषण गरेका छन् तर यो आवश्यक भन्दा अत्यन्तै कम छ। साथै, यो रकम विकास सहयोग भन्दा थप र नयाँ हो की होइन भन्ने स्पष्ट छैन । सम्मेलनबाट अबका वर्षहरूमा विकसित राष्ट्रहरूले विकासोन्मुख राष्ट्रहरूलाई रकम उपलब्ध गराउने भन्ने एकदम अस्पष्ट निर्णयमात्र आयो ।

विकासोन्मुख राष्ट्रहरूले जलवायु परिवर्तन विरूद्ध जुध्नका लागि विकसित राष्ट्रहरूबाट रकम पाउने र यसका लागि विकसित राष्ट्रहरूले सहयोग गर्ने कुरा महासन्धिमा पहिलेनै सहमति जनाइ सकिएको बिषय हो । २०११ मा हरित जलवायु कोष (Green Climate Fund- GCF) स्थापना गरेर यसको सचिवालय दक्षिण कोरियामा राख्ने निर्णय भईसके पछि पनि यस कोषमा रकम प्रवाह हुन सकेको छैन । हुनत GCF बाहेक महासन्धि अन्तर्गत अतिकम विकसित राष्ट्रहरूको कोष (Least Developed Country Fund – LDCF), विशिष्ट जलवायु परिर्वन कोष (Special Climate Change Fund- SCCF) र अनुकूलन कोष (Adaptation Fund -AF) जस्ता विभिन्न कोषहरू पनि छन् तर यी सबै लगभग रित्तै छन् ।

अब आउने दिनहरूमा पनि आर्थिक सहयोगको मुद्दा एक प्रमुख सवाल बन्ने निश्चित छ । विशेष गरी २०२० सम्ममा विकसित राष्ट्रहरूको सहयोग कसरी १०० अर्ब अमेरिकी डलर प्रति वर्ष पुग्ने हो भन्ने विषयमा सबैको चासो छ ।

DOHA 2012
UN CLIMATE CHANGE CONFERENCE
COP18·CMP8

स्वच्छ उर्जाका वातावरणमैत्री प्रविधिहरू विकसित राष्ट्रहरूबाट विकासोन्मुख राष्ट्रहरूमा सजिलैसँग हस्तान्तरण भएमामात्र विकासोन्मुख राष्ट्रहरूले आर्थिक विकास, हरितगृह ग्याँसको उत्सर्जनमा कटौती र परिवर्तित जलवायुमा अनुकुलित हुने दिशामा अघि बढ्नसक्छन् । सन् २०१०मा क्यानकुन सम्मेलनले यस प्रक्रियालाई सहज पार्न "प्रविधि संयन्त्र" (Technology Mechanism) अर्न्तगत "प्रविधि कार्यकारी समिति" (Technology Executive Committee) र जलवायु प्रविधि केन्द्र र संजाल (Climate Technology Center and Network) को स्थापना गर्ने निर्णय गरेको थियो ।

प्रविधि विकास तथा हस्तान्तरण

स्वच्छ उर्जाका वातावरणमैत्री प्रविधिहरू विकसित राष्ट्रहरूबाट विकासोन्मुख राष्ट्रहरूमा सजिलैसँग हस्तान्तरण भएमामात्र विकासोन्मुख राष्ट्रहरूले आर्थिक विकास, हरितगृह ग्याँसको उत्सर्जनमा कटौती र परिवर्तित जलवायुमा अनुकुलित हुने दिशामा अघि बढ्नसक्छन् । सन् २०१०मा क्यानकुन सम्मेलनले यस प्रक्रियालाई सहज पार्न "प्रविधि संयन्त्र" (Technology Mechanism) अर्न्तगत "प्रविधि कार्यकारी समिति" (Technology Executive Committee) र जलवायु प्रविधि केन्द्र र संजाल (Climate Technology Center and Network) को स्थापना गर्ने निर्णय गरेको थियो । प्रविधि कार्यकारी समिति स्थापित भएर आफ्नो कार्य अघि बढाइसकेको छ भने यस पटकको सम्मेलनमा जलवायु प्रविधि केन्द्र र संजाल (CTCN) लाई संयुक्त राष्ट्र संघीय वातावरण कार्यक्रम (UNEP) ले संचालन गर्ने निर्णय भएको छ । सम्मेलनको निर्णय अनुसार सन् २०१३ सम्ममा प्रविधि कार्यकारी समिति र जलवायु प्रविधि केन्द्र बीचको संथागत समन्वय र सन् २०१४ सम्ममा प्रविधि र वित्त संयन्त्र बीचको संरचनागत समन्वय बारेको छलफल निकर्षमा पुग्ने भनिएको छ । यस निर्णय अनुसार प्रविधि विकास र हस्तान्तरण सम्बन्धी आर्थिक सहयोगका प्रकृयाहरू सन् २०१४ बाट मात्र सुरू हुनेछन् । साथै, यस पटकको सम्मेलनले पनि वौद्धिक सम्पतिको अधिकार (Intellectual Property Rights) सम्बन्धी कुनै ठोस निर्णय गर्न सकेन ।

डर्बन मञ्चका आगामी कार्यभार

सन् २०११ मा भएको डर्बन सम्मेलनमा स्थापना भएको "डबर्न मञ्चः बृहत कार्य योजना लागि तदर्थ कार्य समूह (Ad Hoc Working Group on the Durban Platform for Enhanced Action- ADP)" ले सन् २०१५ सम्ममा सम्पुर्ण राष्ट्रहरूलाई अनुकूल हुने किसिमको बृहत सहमति तयार गरी, सन् २०२० बाट लागु गर्न, पक्ष राष्ट्रहरूको २१ औं सम्मेलनमा अनुमोदनका लागि प्रस्तुत गरिनेछ । यस कार्य समूहका छलफलहरू दुई उपसमूहमा अघि बढिरहेको छ, जो सन् २०१५ बाट २०२० सम्म गर्नु पर्ने कार्यहरू र सन् २०२० पछि लागु हुने नयाँ अभिसन्धिका लागि कानुनी आधार कस्तो हुने बारे छन् । यस पटकको सम्मेलनले सन् २०२० पछि लागु हुने नयाँ कानुनी आधारको दस्तावेज सन् २०१४ को मध्य सम्ममा तयार गरी सक्ने भनिएको छ । यसरी हेर्दा सन् २०१५ मा तयार हुने नयाँ कानुनी आधारले विकसित र विकासोन्मुख लगयतका सम्पूर्ण राष्ट्रहरूको प्रतिबद्धता र जीम्मेवारीको बारेमा स्पष्ट खाका प्रस्तुत हुनेछ । तर आउने छलफलहरूमा विकसित र विकासोन्मुख देशहरूले उत्सर्जन कटौती गर्ने सम्बन्धमा पहिले क्योटो अभिसन्धिमा भएजस्तो छुट हुने कि नहुने भन्नेमा निकै विवाद हुने देखिन्छ ।

नेपाललाई दोहाको उपहार: महासन्धि अन्तर्गत अतिकम विकसित राष्ट्रहरूको समूहको नेतृत्व

DOHA 2012
UN CLIMATE CHANGE CONFERENCE
COP18·CMP8

जलवायु परिवर्तन सम्बन्धी अन्तराष्ट्रिय वार्ता अझै जटिल मोडमा पुग्दै गर्दा नेपालले ४८ वटा अतिकम विकसित राष्ट्रहरूको समूहको नेतृत्व गर्दै छ । यस सम्बन्धी निणर्य जुन २०१२ मा जर्मनीको बोनमा भएको बैठकमा गरिएको थियो । दोहा सम्मेलनको दौरानमा एक औपचारिक कार्यक्रम गरी उक्त समूहको निवर्तमान अध्यक्ष अफ्रिकी राष्ट्र गाम्बियाले नेपाललाई २०१३ र २०१४ का लागि उक्त जिम्बेवारी हस्तान्तरण गरेको छ ।

यस नयाँ कार्यभारले नेपाललाई चिनाउने, आर्थिक सहयोग बढाउने र आफ्ना मुद्दा अघि सार्ने धेरै अवसरहरू प्रदान गर्ने छ । तर यी अवसरहरू सँगै यथेष्ट चुनौतीहरू पनि आउने छन् । पछिल्ला वर्षहरूमा जलवायु परिवर्तनको मुद्दा अत्यन्त जटिल र कठिन बन्दै गएको छ । संयुक्त राष्ट्र संघका मञ्चहरूमा यो वातावरण सम्बन्धी कुरा गर्ने भन्दा पनि राजनैतिक, आर्थिक मुद्दा अघि ल्याउने र शक्ति प्रदर्शन गर्ने थलो बनेको छ । यस परिपेक्षमा प्राप्त अवसर बाट फाइदा लिन नेपालले कस्तो तयारी र रणनीति अपनाउँछ परिणाम त्यसमा भर पर्नेछ ।

यस बीचमा नेपालले अतिकम विकसित तर जलवायु परिवर्तनबाट धेरै प्रभावित हुने राष्ट्रहरूको नेतृत्व गर्दा आफूलाई परिपक्क, बलियो र कुटनैतिक ढंगले प्रस्तुत गर्नुपर्ने हुन्छ । अमेरिका, क्यानडा, जापान, युरोपियन युनियन जस्ता धनी र महाशक्तिहरू सँगै टकराव लिनु पर्ने विषय भएकाले पनि यो कठिन कार्य हुनेछ ।

अतिकम विकसित राष्ट्रहरूको समूहमा अफ्रिका, एशिया प्रशान्त र दक्षिण अमेरिकाका ४८ वटा राष्ट्रहरू रहेका छन् । यो समूह भित्र छरप्रष्ट मुद्दा, अनेकन माग र प्राविधिक रूपमा कमजोर भएकाले पनि नेपालले धरै अप्ठ्याराहरू झेल्नु पर्ने देखिन्छ । अब नेपालले यस चुनौतीपूर्ण भूमिकलाई कसरी सफलता पूर्वक निभाउन सकिन्छ भन्नेबारे गृहकार्य गर्नु जरूरी छ ।

यस नयाँ कार्यभारले नेपाललाई चिनाउने, आर्थिक सहयोग बढाउने र आफ्ना मुद्दा अघि सार्ने धेरै अवसरहरू प्रदान गर्ने छ । तर यी अवसरहरू सँगै यथेष्ट चुनौतीहरू पनि आउने छन् । पछिल्ला वर्षहरूमा जलवायु परिवर्तनको मुद्दा अत्यन्त जटिल र कठिन बन्दै गएको छ । संयुक्त राष्ट्र संघका मञ्चहरूमा यो वातावरण सम्बन्धी कुरा गर्ने भन्दा पनि राजनैतिक, आर्थिक मुद्दा अघि ल्याउने र शक्ति प्रदर्शन गर्ने थलो बनेको छ ।

नेपाल र गाम्बियाका मन्त्री दुईपक्षिय वार्तामा

फोटो सौजन्य: CEN

प्रकाश माथेमा
सह सचिव, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

चुनौतीसँगै अन्तर्राष्ट्रिय र नेतृत्व प्रदर्शन गर्ने अ

दोहा सम्मेलन पश्चात नेपालले औपचारिक रूपमा महासन्धि संयोजन गर्ने जिम्मा पाएको छ । यसै प्रसँगमा यस जिम्वेवारीसँगै आ वातावरण मन्त्रालयका सहसचिव तथा जलवायु परिवर्तन व्यवस्थापन म चापागाईंले गरेको संवादको सम्पादित अंशः

दोहा सम्मेलनका निर्णयहरूलाई यहाँले कसरी हेर्नुभएको छ ?

दोहा सम्मेलनका निर्णयहरूलाई सन्तोषजनक मान्न सकिदैन । क्योटो अभिसन्धिलाई जीवितै राख्नु, जलवायु परिवर्तनले सृजित हुने अपुरणीय नोक्सानी तथा क्षति (Loss and Damage) सम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्रबारे आगामी सम्मेलनमा छलफल र निर्णय गर्ने सहमति लगाएत केहि सकरात्मक निर्णय सम्मेलनले गरेको छ । तर दोहामा हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्ने दिशामा खासै उपलब्धि हुन सकेन । त्यस्तै, विकसित राष्ट्रहरूले विकासोन्मुख राष्ट्रहरूलाई प्रदान गर्नुपर्ने आर्थिक सहयोगका विषयमा पनि स्पष्ट निर्णय हुन सकेन । यो सम्मेलन विगतमा विकसित राष्ट्रहरूले व्यक्त गरेका प्रतिवद्धताहरू कार्यान्वयन सुरूवात गर्ने सम्मेलन होस भन्ने हाम्रो चाहाना पुरा हुन सकेन । तै पनि महासन्धि अन्तर्गत नै समस्याको समाधान निकाल्ने दिशामा अघि बढ्न सम्मेलनले मार्ग प्रशस्त गरेको छ ।

दोहा सम्मेलनमा नेपालको सहभागिता कस्तो रह्यो ?

माननीय विज्ञान, प्रविधि तथा वातावरण मन्त्री केशवमान शाक्य ज्यूको नेतृत्वमा ३० सदस्यीय सरकारी वार्ता टोली दोहा सम्मेलनमा सहभागी भएको थियो ।

विकसित राष्ट्रहरूले हरितगृह ग्यास उत्सर्जन कम गर्न प्रतिबद्धता जनाउनुपर्ने, उनीहरूले विकासोन्मुख राष्ट्रहरूलाई दिनुपर्ने आर्थिक सहयोग सम्बन्धमा स्पष्ट निर्णय हुनुपर्ने, क्योटो अभिसन्धिको दोस्रो प्रतिबद्धता अवधि ५ वर्षको हुनुपर्ने, नोक्सानी तथा क्षति सम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्र तत्कालै बनाइनुपर्ने लगायतका विषयहरू हामीले प्राथमिकताका साथ उठाएका थियौं ।

वार्ता प्रक्रियामा हाम्रो सहभागितालाई प्रभावकारी बनाउन वार्ता टोलीको इमेल ग्रुप र नियमित बैठक बसी जानकारी आदन प्रदान गर्ने गरिएको थियो । यस्तै नेपाल सरकारको आयोजनामा पर्वतीय मुद्दालाई उठान गर्न साईड इभेन्ट गऱ्यौं । साथै नेपालका मुद्दाहरूबारे जानकारी दिन द्विपक्षीय वार्ताहरू पनि गरिएको थियो ।

DOHA 2012
UN CLIMATE CHANGE CONFERENCE
COP18·CMP8

तर दोहामा हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्ने दिशामा खासै उपलब्धि हुन सकेन । त्यस्तै, विकसित राष्ट्रहरूले विकासोन्मुख राष्ट्रहरूलाई प्रदान गर्नुपर्ने आर्थिक सहयोगका विषयमा पनि स्पष्ट निर्णय हुन सकेन । यो सम्मेलन विगतमा विकसित राष्ट्रहरूले व्यक्त गरेका प्रतिवद्धताहरू कार्यान्वयन सुरूवात गर्ने सम्मेलन होस भन्ने हाम्रो चाहाना पुरा हुन सकेन । तै पनि महासन्धि अन्तर्गत नै समस्याको समाधान निकाल्ने दिशामा अघि बढ्न सम्मेलनले मार्ग प्रशस्त गरेको छ ।

स्तरमा कार्यकुशलता

वसर छ

ध अन्तर्गतको अतिकम विकसित राष्ट्रहरूको वार्ता समूहको उने अवसर तथा चुनौतीहरू लगायतका विषयमा विज्ञान, प्रविधि तथा महाशाखाका प्रमुख प्रकाश माथेमासँग जलवायु सरोकार का लागि दिपेश

आगामी दुई वर्षका लागि नेपालले अतिकम विकसित राष्ट्रहरूको समूहको अध्यक्षता गर्दैछ । यस नयाँ जिम्मेवारीसँगै के कस्ता अवसर र चुनौतीहरू यहाँले देख्नुभएको छ ?

जलवायु परिवर्तन सम्बन्धी वार्ताहरू झन जटिल बन्दै गैरहेकाछन् । सन् २०१५ भित्र सहमती गरी २०२० देखि लागु गरिने सबै राष्ट्रहरूलाई मान्यहुने कानुनी व्यवस्था कस्तो हुने भन्नेमा अबका वार्ताहरू केन्द्रित हुनेछन् । यसका लागि समूहका तर्फबाट छलफलका सबै विषयमा विज्ञहरूको सहयोग मार्फत संयोजन गर्नु आवश्यक हुन्छ । यी सबै कार्यका लागि आर्थिक र प्राविधिक स्रोत जुटाउनु पर्ने चुनौती रहेको छ । तर चुनौतीका बावजुद पनि अन्तर्राष्ट्रिय स्तरमा कार्यकुशलता र नेतृत्व प्रदर्शन गर्ने अवसर छ । यस जिम्वेवारीले हाम्रो आफ्नै क्षमता अभिवृद्धिमा पनि सहयोग हुनेछ भने नेपालका राष्ट्रिय मुद्दालाई उठान गर्न पनि योगदान पुग्नेछ ।

अतिकम विकसित राष्ट्रहरूका मुद्दाहरूलाई प्रभावकारी ढंगले उठाउन नेपालले कस्तो तयारी गर्दैछ ?

सबैभन्दा पहिले त समूह भित्र रहेका विज्ञहरूलाई संयोजन गर्ने हाम्रो प्रमुख भूमिका रहनेछ । साथै यस समूहलाई सहयोग गर्न चाहने संघ संस्था, नागरिक समाज र व्यक्तिहरूसँग सहकार्य गरेर अघि बढ्ने हाम्रो प्रयास हुनेछ र निकट भविष्यमा अतिकम विकसित राष्ट्रहरूको समूहको बैठक गरी आगामी वर्षहरूका लागि रणनीति तय गर्ने सोच रहेको छ ।

अन्त्यमा, हाम्रो देशको आन्तरीक अवस्थानै अस्थिर रहेको समयमा लिईएको यस्तो महत्वपुर्ण जिम्मेवारी कुशल ढंगले निर्वाह गर्न विभिन्न क्षेत्रबाट के कस्ता सहयोगको अपेक्षा गर्नुभएको छ ?

राष्ट्रिय प्रतिष्ठा संग गाँसीएको यो जिम्मेवारि लाई सफल पार्नु हामि सबैको दायित्व हो । यसका लागि सरकारबाट निरन्तर प्रशासनिक, आर्थीक र प्राविधीक सहयोगहरू रहनेनै छ भन्ने आसा राखेको छु । साथै नेपाली बिज्ञहरू र अन्य सरोकारवाला हरूबाट पनि निश्पक्ष सहयोग र सहकार्यको अपेक्ष गरेको छु ।

DOHA 2012
UN CLIMATE CHANGE CONFERENCE
COP18·CMP8

सन् २०१५ भित्र सहमती गरी २०२० देखि लागु गरिने सबै राष्ट्रहरूलाई मान्यहुने कानुनी व्यवस्था कस्तो हुने भन्नेमा अबका वार्ताहरू केन्द्रित हुनेछन् । यसका लागि समूहका तर्फबाट छलफलका सबै विषयमा विज्ञहरूको सहयोग मार्फत संयोजन गर्नु आवश्यक हुन्छ । यी सबै कार्यका लागि आर्थिक र प्राविधिक स्रोत जुटाउनु पर्ने चुनौती रहेको छ । तर चुनौतीका बावजुद पनि अन्तर्राष्ट्रिय स्तरमा कार्यकुशलता र नेतृत्व प्रदर्शन गर्ने अवसर छ ।

दोहा सम्मेलन पूर्व नेपालको तयारी

वार्ता प्रयोजनका लागि सरकारी र अन्य पक्ष सामेल गरिएको Core Negotiating Team को गठन, उक्त टीमलाई अभिमूखीकरण तालिम र विभिन्न समयमा छलफल आयोजना भएका थिए । यसै गरी नेपाल सरकारको तर्फबाट अतिकम विकसित राष्ट्रको कोष (LDCF) र पर्वतिय मुद्दा उठान गर्ने (Nairobi work programme) दुई बिषयहरूमा आधिकारिक धारणा (submission) महासन्धिको सचिवालयमा बुझाइएको थियो ।

विगतका वर्षहरूमा अन्तर्राष्ट्रिय सम्मेलनको मुखैमा औपचारिकताका लागि परामर्श कार्यक्रम राख्नेमै सिमित नेपालको तयारी यस पटक केहि सघन रहेको मान्न सकिन्छ ।

सम्मेलन पूर्व वार्ता प्रयोजनका लागि सरकारी र अन्य पक्ष सामेल गरिएको Core Negotiating Team को गठन, उक्त टीमलाई अभिमूखीकरण तालिम र विभिन्न समयमा छलफल आयोजना भएका थिए । यसै गरी नेपाल सरकारको तर्फबाट अतिकम विकसित राष्ट्रको कोष (LDCF) र पर्वतिय मुद्दा उठान गर्ने (Nairobi work programme) दुई बिषयहरूमा आधिकारिक धारणा (submission) महासन्धिको सचिवालयमा बुझाइएको थियो । साथै वार्ता टालीका सदस्यहरूलाई विषयबस्तु बुझ्न सहज होस भन्ने उदेश्यले जानकारी पत्र तयार गरिएको थियो ।

हरेक वर्ष जस्तै यो पटक पनि Pre COP consultation आयोजना गरी विभिन्न सरोकारवालाहरूको सुझाव वातावरण मन्त्रालयले लिएको थियो । Climate Change Network Nepal ले नेपाल सरकार, वातावरण मन्त्रालयलाई जानकारी पत्र तयार गर्न र परामर्श कार्यशाला गर्न प्राविधिक सहयोग गरेको थियो । यसै गरी Climate Change Network Nepal ले नै नेपाल सरकारका वातावरण मन्त्रीलाई नेपालले पक्ष राष्ट्रहरूको १८औं सम्मेलनमा प्राथमिकतामा राख्नु पर्ने विषयहरू बारे ध्यानाकर्षण पत्र पेश गरेको थियो ।

फोटो सौजन्यः CEN

Pre COP Consultation कार्यक्रममा वक्ताहरू

यस्तो रह्यो दोहामा नेपालको सहभागिता

विज्ञान प्रविधि तथा वातावरण मन्त्रीको नेतृत्वमा सहभागीसरकारी टोलीमा समावेश सदस्यहरूको कार्य विभाजन समेत गरिएको थियो । सम्मेलन पूर्व केही विषयहरूमा महासन्धिको सचिवालयलाई आफ्ना आधिकारिक धारणा (submission) बुझाएको र अतिकम विकसित राष्ट्रहरूको आगामी संयोजकको ...

नेपालले सन् १९९२ को पृथ्वी सम्मेलन र त्यस पश्चात भएका सबै जसो पक्ष राष्ट्रहरूको सम्मेलनमा आफ्नो उपस्थिति जनाउदै आएको छ । विगतमा निकै पातलो हुने नेपालको सहभागित हालका दिनहरूमा विषयको गाम्भिर्यता र बढ्दो चासोका कारण सख्यात्मक रूपमा बढ्दो छ । यस्ता सम्मेलनहरूमा नेपालबाट आधिकारिक सरकारी प्रतिनिधिका साथै नागरिक समाजका प्रतिनिधि, युवा, पत्रकार लगायतले भाग लिने गरेका छन् ।

दोहा सम्मेलनमा नेपाल सरकारले पहिलो पटक Core Negotiating Team गठन गरी सहभागीता जनाएको थियो । टोलीमा सरकारीसँगै प्राज्ञिक, गैरसरकारी र विशेषज्ञहरूलाई समावेश गरिनु आफैमा सकरात्मक कदम थियो । विज्ञान प्रविधि तथा वातावरण मन्त्रीको नेतृत्वमा सहभागी ३० सदस्यि सरकारी टोलीमा समावेश सदस्यहरूको कार्य विभाजन समेत गरिएको थियो । सम्मेलन पूर्व केही विषयहरूमा महासन्धिको सचिवालयलाई आफ्ना आधिकारिक धारणा

दोहावाट वार्ताको प्रगति बारे काठमाडौंमा प्रत्यक्ष जानकारी दिंदै नेपाली सहभागीहरू फोटो सौजन्यः CEN

(submission) बुझाएको र अतिकम विकसित राष्ट्रहरूको आगामी संयोजकको हैसियतले नेपालको सहभागिता विगत भन्दा केहि राम्रो रह्यो ।

मन्त्री परिषदको निर्णयमा गठन भएको Core Negotiating Team का सबै सदस्य सहभागी गराउन नसक्नु नेपालको कमजोरी रह्यो । सरकारी प्रतिनिधिहरू र अन्य नेपाली सहभागीहरू बीच छलफल र अन्तर संवाद भने सम्मेलन अवधिभर जारी नै रहेको थियो ।

जलवायु परिवर्तनमा पर्वतीय मुद्दालाई अघि बढाउन प्रयास गरिरहेको नेपालले दोहामा एउटा छुट्टै कार्यक्रम पनि गरेको थियो । तर उक्त कार्यक्रम मार्फत अन्य राष्ट्रहरूलाई पर्वतीय मुद्दामा ध्यान आकृष्ट गर्न सोचे जस्तो सफलता भने मिल्न सकेन ।

आगामी दुई वर्षका लागि अतिकम विकसित राष्ट्रहरूको नेतृत्व लिन लागेको हुँदा अब हुने सम्मेलनमा नेपालको सहभागितामा गुणात्मक परिवर्तन हुनु जरूरी छ । यसकालागि प्रशस्त आन्तरिक तयारी, प्रतिनिधिहरूमाझ विषयगत जिम्वेवारीको बाँडफाँड र क्षमता अभिवृद्धिमा ध्यान दिनु पर्ने देखिन्छ । विषयगत विज्ञता हासिल गर्नका लागि वार्ता टोलीमा सहभागि सदस्यहरूको निरन्तरताको विषयमा नेपाल सरकारले आवश्यक निर्णय नै लिनु पर्ने आवश्यकता समेत रहेको छ ।

अबको बाटो

"DOHA Climate Gateway" नाम दिइएको प्याकेज सहमति विकासोन्मुख राष्ट्रहरूले आशा गरे बमोजिम जलवायु परिवर्तनका असर कम गर्न उपलब्धीपूर्ण भएन । तर यस सहमतिले वार्ता प्रक्रियालाई सुचारू राख्न भने सफल भएको मान्न सकिन्छ । यस सम्मेलनले धेरै विषय वस्तुहरूमा निर्णय नगरी आगामी सम्मेलनहरूमा छलफल गर्नका लागि पन्छाएकाले पनि अबका छलफलहरू अझ महत्वपूर्ण हुने छन् ।

सन् २०१५ भित्र सहमती गरी सन् २०२० देखि लागु गरिने सबै राष्ट्रहरूलाई मान्यहुने कानुनी व्यवस्था कस्तो हुने भन्नेमा अबका वार्ताहरू केन्द्रित हुने छन् । यो सम्बन्धी निर्णयको दस्तावेज सन् २०१४ को मध्य सम्ममा तयार गर्ने भनिएको छ ।

DOHA 2012
UN CLIMATE CHANGE CONFERENCE
COP18·CMP8

"दोहा क्लाइमेट गेटवे" नाम दिइएको प्याकेज सहमति विकासोन्मुख राष्ट्रहरूले आशा गरे जस्तो अथवा जलवायु परिवर्तनको असरलाई कम गर्ने तिर खासै उपलब्धीपूर्ण हुनेछैन । साथसाथै यस सहमतिले वार्ता प्रक्रियालाई सुचारू राख्न सफल भने सफल भएको मान्न सकिन्छ । यस सम्मेलनले धेरै विषय वस्तुहरूमा निर्णय नगरी आगामी सम्मेलनहरूमा छलफल गर्नका लागि पन्छाएकाले पनि अबका छलफलहरू हाम्रो जस्तो राष्ट्रहरूका लागि अझ महत्वपूर्ण हुनेछन् ।

जलवायु परिवर्तनबाट हुने नोक्सानी तथा क्षतिका विषयलाई सम्बोधन गर्न आगामी सम्मेलनले अन्तर्राष्ट्रिय संयन्त्र जस्तो प्रकारको संस्थागत व्यवस्था गर्ने भनिएकोले यस विषयले पनि उत्तिकै महत्व पाउनेछ । विकसित राष्ट्रहरूले उपलब्ध गराउने आर्थिक सहयोगको हकमा सन् २०२० सम्ममा कसरी वार्षिक सहयोग १०० अर्ब अमेरिकी डलर पुऱ्याउने भन्ने विषयको छलफलको म्याद एक वर्ष थप गरिएकोले यस सम्बन्धी छलफल पनि आगामी वार्ताहरूमा महत्वपूर्ण हुने छन् ।

DOHA 2012
UN CLIMATE CHANGE CONFERENCE
COP18·CMP8

खास गरी विकसित राष्ट्रहरूले महासन्धिको प्रक्रियालाई अवमूल्यन गरिरहेको भएता पनि विकासोन्मुख र अल्पविकसित राष्ट्रहरूलाई महासन्धिको प्रक्रिया भीत्रै संवादलाई निरन्तरता दिनुको कुनै विकल्प छैन । तर अन्तर्राष्ट्रिय वार्ताहरूमा वार्ताकारहरू आफ्नो देशले दिएर पठाएको निर्देशन भन्दा अघि बढेर निर्णय गर्न सक्दैनन् ।

महासन्धि अर्न्तगत निर्णय प्रक्रिया वर्ष प्रति वर्ष अत्यन्तै ढिलो र जटिल बनिरहेको छ । जलवायु परिवर्तनको समस्यालाई समयमै समाधान गर्न तिर विकसित राष्ट्रहरूले अटेरी गरिरहेको परिपेक्षमा निष्पक्ष, महात्वाकांक्षी र कानुनी रूपमा बाध्यकारी जलवायु सन्धिका लागि दबाब दिन विश्वभरि नै अझै धेरै आवाज बुलन्द गर्न आवश्यक छ । खासगरी विकसित राष्ट्रहरूले महासन्धिको प्रक्रियालाई अवमूल्यन गरिरहेको भएता पनि विकासोन्मुख र अल्पविकसित राष्ट्रहरूलाई महासन्धिको प्रक्रिया भित्रै संवादलाई निरन्तरता दिनुको कुनै विकल्प छैन । तर अन्तर्राष्ट्रिय वार्ताहरूमा सहभागी हुने प्रतिनिधिहरूले आफ्नो देशले दिएर पठाएको निर्देशन भन्दा अघि बढेर निर्णय गर्न सक्दैनन् । यसका लागि हरेक देशका नागरिक समाजका संघसंस्था र सदस्यहरूले आफ्ना देशका नीति निर्माताहरूलाई छिटो र सकरात्मक निर्णयमा पुग्न दबाव दिनका लागि व्यापक जनसमुदाय परिचालन गर्ने कार्यक्रमहरू गर्न जरूरी छ ।

आगामी सम्मेलन

विश्वको सबै भन्दा धेरै प्रति व्यक्ति आय र सबै भन्दा धेरै प्रति व्यक्ति कार्वन उत्सर्जन गर्ने राष्ट्र कतारमा पक्षराष्ट्रहरूको १८औं सम्मेलन हुने घोषणा हुनासाथ धेरै पर्यवेक्षकहरूले यसको आलोचना गरेका थिए। सम्मेलन पश्चात कतारले दरिलो नेतृत्व दिन नसकेको भनी आलोचना हुने क्रम जारी नै छ । यसै बीचमा फेरी एक पटक सबैलाई आश्चर्यमा पार्दै वार्ता प्रक्रियामा खास गरी युरोपीयन युनियन भित्र सधैं जसो सकरात्मक निर्णय गर्न अवरोध गर्ने भनी चिनिएको देश पोल्याण्डमा आगामी १९ औं पक्ष राष्ट्रहरूको सम्मेलन हुने निर्णय भएको छ । उक्त सम्मेलन पोल्याण्डको राजधानी वार्शामा सन् २०१३ को नोभेम्बर ११ देखि २२ सम्म हुनेछ । यसै गरी २०औं सम्मेलन पेरू अथवा भेनेजुयला मध्ये एउटा देशमा हुनेछ भने २१औं सम्मेलन पेरिसमा आयोजना गर्न फ्रान्सले औपचारिक प्रस्ताव राखेको छ ।

जलवायु परिवर्तन सञ्जाल नेपाल (Climate Change Network Nepal) नेपालमा जलवायु परिवर्तनको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरू सदस्य रहेको सञ्जाल हो । यो सञ्जालले नेपालमा जलवायु परिवर्तनका असरहरूसँग जुध्न सम्बन्धित सरोकारहरूलाई सुसूचित गर्ने, बहस पैरवी गर्ने र क्षमता अभिबृद्धि गर्ने कार्य गर्दछ ।

यस अंकका लेखकहरूः प्रविनमान सिंह (OXFAM), **युगान मानन्धर** (WWF Nepal), **राजु पण्डित क्षेत्री** (CAN-I), **मञ्जित ढकाल** (CEN), **सुनिल आचार्य** (CEN) **र दिपेश चापागाईं** (CEN)

सम्पादकः सुनिल आचार्य (CEN) **सल्लाहकार सम्पादकः भूषण तुलाधर**

जलवायु परिवर्तन सञ्जाल नेपाल

Climate Change Network Nepal

www.ccnn.org.np

सचिवालय

CLEAN ENERGY NEPAL

स्वच्छ ऊर्जा नेपाल
१४० बुलबुले मार्ग, थापागाउँ, बानेश्वर,
पोष्ट बक्स २४५८१, काठमाडौं ।
फोन ०१ ४४६४९८१, ०१६९१५६४९
इमेल info@cen.org.np
वेबसाइट www.cen.org.np

आर्थिक सहयोग

OXFAM

design&printproduction: wps, eMail: wpsnepal@gmail.com

जलवायु सरोकारमा व्यक्त विचार तथा जानकारी लेखक र सम्पादकका व्यक्तिगत हुन् र उक्त विचार तथा जानकारहिरू CCNN तथा लेखक र सम्पादकले प्रतिनिधित्व गर्ने संस्थाहरूका आधिकारिक धारणासँग मेल नखान पनि सक्दछन् ।

यस प्रकाशनको आँशिक या सम्पूर्ण भाग गैर-नाफामुलक र शैक्षिक उद्देश्यका लागि पुनःप्रकाशन, फाटोकपी वा अन्यकुनै माध्यबाट वितरण या प्रयोग गर्न सकिनेछ । यसका लागि CCNN को सचिवालय CEN मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।